**Ref:** N-07/013-015

## प्रेस विज्ञप्ती

### रोजगारी सिर्जनामा जोड दिन एनआरएन अध्यक्षको आग्रह, दोर्दी खोला जलबिद्युत आयोजनाको निरिक्षण

गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले लगानीमैत्री वातावरण भए मुलुकमा प्रत्यक्ष बैदेशिक लगानी र गैरआवासीय नेपालीहरुको लगानी बढ्ने बताउनुभएको छ ।

माघ १९ गते लमजुङ सदरमुकाम बेशीसहरमा आयोजित लमजुङ महोत्सवको समापन कार्यक्रमलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै अध्यक्ष घलेले लगानीमैत्री वातावरण निर्माणका लागि सरकार तत्कालै अग्रसर हुनुपर्ने बताउनुभयो ।

'आर्थिक बिकाश बिना देशको सम्बृद्धि हुन सक्दैन, आर्थिक बिकाशका लागि लगानी चाहिन्छ' अध्यक्ष घलेले भन्नुभयो-'तर, अहिले मुलुकमा लगानीमैत्री वातावरण छैन ।'

लगानीका लागि फाष्ट ट्र्याक नीति जरुरी रहेको भन्दै उहाँले प्रशासनिक झण्झटका कारण बिदेशी लगानीकर्ताहरु हतोत्साही भएर फर्किने गरेको बताउनुभयो ।

प्रत्यक्ष बैदेशिक लगानीको कुरा गर्दा भारत र चीनलाई मात्र केन्द्रमा नराखी बिश्वब्यापी बजारलाई लक्षित गर्नुपर्ने उहाँको भनाई थियो ।

मुलुकमा जलबिद्युतको अपार सम्भावना रहेको भन्दै उहाँले यसमै लगानी गरेर मुलुकलाई सम्बृद्धितिर लैजानुपर्ने बताउनुभयो ।

हरेक दिन करिव २ हजार युवा जनशक्ति रोजगारीका लागि बिदेश जानु परिरहेको भन्दै उहाँले त्यसलाई घटाउनु पर्ने बताउनुभयो । 'उच्च शिक्षाका लागि बिदेश जानु राम्रो हो, तर १५- २० हजार रुपैयाँको रोजगारीका लागि खाडी मुलुक नजानुहोस्' उहाँले भन्नुभयो ।

सस्तो मूल्यमा श्रम बेच्नुभन्दा आफ्नै मुलुकमा उद्यमशीलता बिकाश र रोजगारी सिर्जनामा केन्द्रीत हुन उहाँले युवाहरुलाई आग्रह गर्नुभयो ।

'अहिले गाउँमा युवा शक्ति नै छैन, ठूला परियोजना सम्पन्न गर्न खोज्दा मुलुकमा जनशक्ति नै नपाउने अबस्था आएको छ ।' उहाँले भन्नुभयो-'यहीं रोजगारी सिर्जना गर्न सके मात्र बिदेश पलायन रोक्न सकिन्छ, त्यसका लागि लगानी नै चाहिन्छ ।'

गैरआवासीय नेपालीहरुको लगानीमा लमजुङकै दोर्दी खोलमा २७ मेगावाटको जलबिद्युत आयोजना निर्माण सुरु भएको बताउँदै उहाँले त्यसको सफलताका लागि सहयोग गर्न लमजुङबासीलाई आग्रह गर्नुभयो ।

**दोर्दी खोला आयोजनाको निरिक्षण**

यसैवीच अध्यक्ष घलले गैरआवासीय नेपालीको सामूहिक लगानीमा निर्माण हुन लागेको 'दोर्दी खोला जलबिद्युत आयोजना'को निरिक्षण गर्नुभयो ।

आयोजनाका अध्यक्षसमेत रहनुभएका घलेले सोमबार बिहान आयोजनास्थल पुगेर साइट अफिस, पावर हाउसदेखि ड्याम्म बन्नेसम्मका सवै ठाउँको निरिक्षण गर्नुभयो ।

आयोजनामा कार्यरत इन्जिनियरहरुले हाल जग्गा अधिग्रहण र कित्ता काटको काम भइरहेको अध्यक्ष घलेलाई जानकारी गराएका थिए । उहाँले आयोजनामा भइरहेको प्रगति र त्यहाँ परेका कठिनाईबारे कर्मचारीसँग जानकारी लिनुभएको थियो ।

गैरआवासीय नेपालीहरुको सामूहिक लगानीमा बन्न लागेको यो पहिलो परियोजना हो । २७ मेगावाट क्षमताको परियोजनाको निर्माण आगामी असोज महिनादेखि सुरु गर्ने लक्ष्य छ ।

गैरआवासीय नेपाली संघ,
सचिवालय, काठमाण्डौं ।
मितिः२१ माघ, २०७० ।

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np